# भाग १

## प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७७ सालको ऐन नं.१२

## गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** संविधान प्रदत्त मौलिक हक र मानव अधिकारको संरक्षण गर्दै प्रदेशमा शान्ति र व्यवस्था कायम गर्न, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धान गर्न तथा कानून कार्यान्वयन गर्नको लागि गण्डकी प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरिवेक्षण र समन्वय गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "गण्डकी प्रदेश प्रहरी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा २८ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ।

(ख) "प्रदेश प्रहरी" भन्नाले यस ऐन बमोजिम गठन भएको गण्डकी प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीको सङ्गठन सम्झनु पर्छ र सो शब्दले गण्डकी प्रदेश प्रहरीमा नियुक्ति भई, समायोजन भई वा खटिई कार्यरत प्रहरी कर्मचारीलाई समेत जनाउँछ।

(ग) "प्रदेश प्रहरी कर्मचारी" भन्नाले प्रदेश प्रहरीमा कार्यरत प्रहरी कर्मचारी सम्झनु पर्छ ।

(घ) “प्रदेश प्रहरी प्रमुख” भन्नाले गण्डकी प्रदेशको प्रदेश प्रहरी प्रमुख सम्झनु पर्छ।

(ङ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) “नेपाल प्रहरी” भन्नाले सङ्घीय कानून बमोजिम गठन भएको नेपाल प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीको सङ्गठन सम्झनु पर्छ र सो शब्दले नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीलाई समेत जनाउँछ।

(छ) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटि इमिग्रेन्ट भिसा (डि.भि.) र परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

३. **<u>प्रदेश प्रहरी सेवाका आधारभूत सिद्धान्तहरूः</u>** प्रदेश प्रहरी देहाय बमोजिमका आधारभूत सिद्धान्तबाट निर्देशित हुनेछः-

(क) लोकतन्त्र, कानूनको शासन र मानव अधिकारप्रति प्रतिबद्ध रहने,

(ख) आम नागरिक र समुदायप्रति उत्तरदायी रहने,

(ग) निष्पक्ष, व्यावसायिक र दक्ष सेवा प्रवाह गर्ने,

(घ) उच्च नैतिक चरित्र र स्वच्छ आचरणमा रही सेवा प्रवाह गर्ने।

## परिच्छेद-२
## प्रदेश प्रहरीको गठन र सञ्चालन

४. **<u>प्रदेश प्रहरीको गठन</u>**ः (१) प्रदेशमा मन्त्रालय अन्तर्गत प्रदेश प्रहरी सङ्गठन रहनेछ।

(२) प्रदेश प्रहरीको गठन र सञ्चालन यस ऐन बमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो पटकको हकमा नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारी सङ्घीय कानून बमोजिम समायोजन भई वा खटिई प्रदेश प्रहरीको गठन हुनेछ।

(४) प्रदेश प्रहरी सङ्गठन समावेशी स्वरुपको हुनेछ।

५. **<u>सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणः</u>** (१) प्रदेश प्रहरीको नयाँ कार्यालय स्थापना गर्दा, नयाँ दरबन्दी सृजना गर्दा वा विद्यमान दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्दा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः-

(क) मन्त्रालयको सचिव -संयोजक

(ख) प्रदेश प्रहरी प्रमुख -सदस्य

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अधिकृतस्तर नवौं/दशौं वा सो सरहको प्रतिनिधि -सदस्य

(घ) आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृतस्तर नवौं/दशौं वा सो सरहको प्रतिनिधि -सदस्य

(ङ) मन्त्रालयको महाशाखा प्रमुख (प्रहरी हेर्ने) -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मूल्याङ्कन गरी स्वीकृतिका लागि प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नेछ।

(४) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **<u>कार्यालय संरचनाः</u>** (१) प्रदेश प्रहरीमा अनुसूची-१ मा उल्लेख भए बमोजिमका कार्यालय रहन सक्नेछन् र प्रदेश सरकारले अनुसूची-१ मा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका कार्यालयमा रहने प्रहरी कर्मचारीको सङ्ख्या प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

७. **<u>प्रहरी प्रणालीः</u>** (१) प्रदेश सरकारले प्रदेश प्रहरीमा देहायका मध्ये कुनै वा सबै प्रणालीहरू स्थापना गर्न सक्नेछः-

(क) महानगरीय प्रहरी,

(ख) ग्रामीण प्रहरी,

(ग) छिमेकी प्रहरी,

(घ) स्वयंसेवी प्रहरी,

(ङ) पर्यटन प्रहरी,

(च) प्रदेश सरकारले तोकेका अन्य प्रणाली।

(२) प्रहरी प्रणाली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **प्रहरी समूहः** (१) विशेषज्ञ प्रहरीको सेवा प्रदान गर्ने उद्देश्यले प्रदेश प्रहरीमा देहाय बमोजिमका समूहहरू रहन सक्नेछन्:-

(क) जनपद प्रहरी समूह,

(ख) सशस्त्र प्रहरी समूह,

(ग) प्राविधिक प्रहरी समूह।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको जनपद प्रहरी समूहमा देहाय बमोजिमका उपसमूह रहन सक्नेछन्:-

(क) अपराध अनुसन्धान उपसमूह,

(ख) ट्राफिक उपसमूह,

(ग) विपद् व्यवस्थापन उपसमूह,

(घ) कार्य उपसमूह,

(ङ) प्रदेश सरकारले तोकेका अन्य उपसमूह।

(३) आधारभूत तालिम पश्चात उपसमूहसँग सम्बन्धित विषयको तालिम समेतको आधारमा मन्त्रालयको सहमतिमा प्रदेश प्रहरी प्रधान कार्यालयले प्रहरी नायब निरीक्षक दर्जासम्मको प्रहरी कर्मचारीलाई रिक्त दरबन्दीको आधारमा सम्बन्धित उपसमूहमा समूहीकृत गर्नेछ।

(४) एउटा उपसमूहमा रही कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको र अर्को उपसमूहको लागि तोकिएको विषयको तालिम लिएको प्रहरी कर्मचारीले उपसमूह परिवर्तन गर्न चाहेमा मन्त्रालयको सहमतिमा प्रदेश प्रहरी प्रधान कार्यालयले निजको उपसमूह परिवर्तन गर्न सक्नेछ।

तर मन्त्रालयले आवश्यक देखेमा तोकिए बमोजिमको समितिको सिफारिसमा प्रहरी कर्मचारीको उपसमूह परिवर्तन गर्न बाधा पर्ने छैन।

(५) प्रहरी कर्मचारीको समूह/उपसमूह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **प्रदेश प्रहरी परिचालन र सुपरिवेक्षणः** (१) प्रदेश प्रहरीको परिचालन र सुपरिवेक्षण प्रदेश सरकारले गर्नेछ।

(२) प्रदेश प्रहरी प्रदेश सरकारप्रति उत्तरदायी र जवाफदेही हुनेछ।

(३) प्रदेश प्रहरीले प्रदेशमा शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको नीति र मन्त्रालय तथा प्रदेश प्रहरी प्रमुखको नियन्त्रणमा रही कार्य गर्नु पर्नेछ।

(४) यस ऐन, प्रचलित कानून तथा नेपाल सरकारको नीति निर्देशनको अधीनमा रही शान्ति सुव्यवस्था, अपराधको रोकथाम र नियन्त्रणको सन्दर्भमा नेपाल प्रहरीले प्रदेश प्रहरी प्रमुखलाई र प्रमुख जिल्ला अधिकारीले सम्बन्धित जिल्लाको प्रदेश प्रहरीलाई आदेश वा निर्देशन दिन सक्नेछ।

(५) जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्नको लागि प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीले सम्बन्धित जिल्लाको प्रदेश प्रहरी परिचालन गर्न सक्नेछ र यसरी परिचालन गरेको अवस्थामा सम्बन्धित जिल्लाको प्रदेश प्रहरीले प्रमुख जिल्ला अधिकारीको निर्देशनमा रही काम गर्नु पर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिम आदेश वा निर्देशन दिँदा र प्रदेश प्रहरी परिचालन गर्दा प्रमुख जिल्ला अधिकारीले मन्त्रालयको निर्देशनमा रही काम गर्नु पर्नेछ।

(७) शान्ति सुरक्षा, अपराध अनुसन्धान लगायत कर्तव्य पालनाको लागि खटिएको अवस्थामा प्रदेश प्रहरीले आफूभन्दा माथिको अधिकारीको निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(८) शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा नेपाल प्रहरी र प्रदेश प्रहरी संयुक्त रुपमा परिचालन भएको अवस्थामा प्रदेश प्रहरीले नेपाल प्रहरीको प्रत्यक्ष नियन्त्रणमा रही कार्य गर्नु पर्नेछ।

(९) उपदफा (४) बमोजिम आदेश वा निर्देशन दिएको तथा उपदफा (५) बमोजिम प्रदेश प्रहरी परिचालन गरिएको अवस्थामा सो सम्बन्धमा प्रदेश प्रहरीको सुपरिवेक्षण नेपाल प्रहरी र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले समेत गर्नेछ।

१०. **प्रदेश सरकारको अधिकारः** प्रदेश प्रहरीको रेखदेख र नियन्त्रण गर्ने र प्रदेश प्रहरीलाई निर्देशन दिने अधिकार प्रदेश सरकारलाई हुनेछ र प्रदेश सरकारको आदेश र निर्देशन पालना गर्नु प्रदेश प्रहरीको कर्तव्य हुनेछ।

११. **प्रदेश प्रहरी प्रमुखः** (१) प्रदेश प्रहरी प्रमुखको रुपमा काम गर्न नेपाल सरकारले नेपाल प्रहरीको कम्तीमा प्रहरी नायब महानिरीक्षकलाई खटाउनेछ।

(२) प्रदेश प्रहरी प्रमुखले प्रदेश सरकारको नियन्त्रण र निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(३) प्रदेश प्रहरी प्रमुखको नियन्त्रणमा रही प्रदेश प्रहरीले कार्य सम्पादन गर्नु पर्नेछ।

(४) प्रदेश प्रहरी प्रमुखले प्रदेश प्रहरीको पोशाक र दर्ज्यानी चिन्ह लगाई प्रदेश प्रहरीको रुपमा काम गर्नेछ।

(५) प्रदेश प्रहरी प्रमुखको पारिश्रमिक र सुविधा नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीको लागि तोकिएको पारिश्रमिक र सुविधा भन्दा कम नहुने गरी प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-३

## प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार

१२. **प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकारः** (१) यस ऐन र प्रचलित कानूनको अधीनमा रही प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने,

(ख) प्रदेशभित्र नागरिकको जीउ, धनको सुरक्षा गरी नागरिक स्वतन्त्रताको संरक्षण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था, अपराधको रोकथाम तथा अपराध अनुसन्धानसँग सम्बन्धित आवश्यक सूचना सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने र सो विषयमा माथिल्लो अधिकारीलाई जानकारी गराउने,

(घ) अधिकार प्राप्त अधिकारीले कानून बमोजिम दिएको आदेश र जारी गरेको पक्राउ पुर्जी तदारुकताका साथ पालन वा तामेल गर्ने,

(ङ) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रदेशभित्रका महत्वपूर्ण व्यक्ति, स्थान, निकाय वा आयोजनाको सुरक्षा गर्ने,

(च) प्रदेशभित्रका यातायातका साधन, भवन, भौतिक संरचना र अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा गर्ने,

(छ) प्रदेशभित्र अपराध रोकथाम र नियन्त्रणको लागि कानून बमोजिम आवश्यक उपाय अवलम्बन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायसँग सहयोग र समन्वय गर्ने,

(ज) प्रदेशभित्र विपद्का समयमा उद्धार, राहत, पुनःस्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी कामका लागि परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(झ) दुर्घटना र खतराबाट नागरिकलाई बचाउन हरसम्भव प्रयास गर्ने,

(ञ) प्रदेशभित्र घटेका अपराधको प्रादेशिक अभिलेख राख्ने,

(ट) प्रचलित कानून बमोजिम प्रदेशभित्रका कारागारमा रहेका कैदी वा बन्दीको सुरक्षा तथा हिरासत कक्ष र हिरासतमा रहेका थुनुवाको व्यवस्थापन गर्ने र सुरक्षा र खानाको व्यवस्था मिलाउने,

(ठ) बाल सुधार गृहमा सुरक्षाको व्यवस्था मिलाउने,

(ड) सवारी आवागमनलाई सुरक्षित बनाउने तथा प्रदेशको ट्राफिक व्यवस्थापन गर्ने,

(ढ) प्रदेशभित्र निजी क्षेत्रका सुरक्षा प्रदायक तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड पालना गरे नगरेको सम्बन्धमा नियमित नियमन र अनुगमन गर्ने,

(ण) प्रहरीको तालिम तथा कार्य दक्षता र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(त) सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,

(थ) बेवारिसी सम्पत्ति जिम्मा लिई प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने,

(द) प्रचलित कानून बमोजिम अन्य निकायबाट अनुसन्धान हुने कसुरको सम्बन्धमा त्यस्तो निकायबाट माग भए अनुसारको सहयोग उपलब्ध गराउने,

(ध) खान तलासी गर्दा सभ्य र मर्यादित रुपमा गर्ने,

(न) यस प्रदेशबाट अर्को प्रदेशमा र अर्को प्रदेशबाट यस प्रदेशमा अभियुक्त, थुनुवा, कैदी वा बन्दीको स्थानान्तरण गर्नु पर्ने भएमा सोको लागि सङ्घीय कानून बमोजिम समन्वय र सुरक्षा व्यवस्थापन गर्ने,

(प) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी सङ्गठनसँग सम्पर्क, सूचना आदान प्रदान र समन्वय गर्ने,

(फ) नागरिक सुरक्षा, सार्वजनिक हित र कानून कार्यान्वयनको विषयमा स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(ब) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत वर्ग तथा विशेष संरक्षण आवश्यक पर्ने व्यक्तिको हक हितको संरक्षण र सुरक्षाका विषयलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने,

(भ) सर्वसाधारण नागरिक, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकाहरूसँग व्यवहार गर्दा शिष्ट र मर्यादित व्यवहार गर्ने,

(म) मानव अधिकारको संरक्षण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(य) नेपाल प्रहरी र अन्य प्रदेश प्रहरीसँग अपराध रोकथाम, अनुसन्धान तथा नियन्त्रणका सम्बन्धमा पारस्परिक सहयोग आदान प्रदान गर्ने,

(र) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम र प्रदेश सरकारले समय समयमा तोकेका अन्य कार्यहरू गर्ने, गराउने।

(२) शान्ति र व्यवस्था खलल हुन सक्ने वा भइरहेको कुनै स्थानमा प्रवेश गर्न र निरीक्षण गर्न प्रदेश प्रहरी कर्मचारीलाई अधिकार हुनेछ। त्यसरी प्रवेश वा निरीक्षण गरेमा त्यस्तो प्रहरी कर्मचारीले सो कुराको कारण सहितको लिखित जानकारी माथिल्लो प्रहरी अधिकृतलाई तत्काल दिनु पर्नेछ।

(३) सार्वजनिक आवागमन सम्बन्धमा नेपाल प्रहरीलाई भएको अधिकार प्रदेश प्रहरीले समेत प्रचलित कानून बमोजिम प्रयोग गर्न सक्नेछ।

(४) प्रदेश प्रहरीले सूचना र सञ्चार प्रविधिसँग सम्बन्धित उपकरणको प्रयोग गर्दा नेपाल प्रहरीसँग समन्वय गरी गर्नु पर्नेछ।

**१३. <u>कसुरको अनुसन्धान गर्ने:</u>** (१) प्रचलित कानून बमोजिम नेपाल प्रहरी वा अन्य निकाय वा अधिकारीले अनुसन्धान गर्ने कसुर बाहेक प्रदेशभित्र भएका नेपाल सरकार वादी हुने अन्य सबै कसुरको सम्बन्धमा प्रदेश प्रहरीले प्रचलित कानून बमोजिम अनुसन्धान गर्नेछ।

(२) यस दफा बमोजिम प्रदेश प्रहरीले अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम अपराध अनुसन्धानको लागि प्रहरी कर्मचारीलाई भएको अधिकारको प्रयोग गर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश प्रहरीले अनुसन्धान गर्ने कुनै कसुरको सम्बन्धमा नेपाल प्रहरीबाट वा नेपाल प्रहरी र प्रदेश प्रहरीको वा प्रदेश प्रहरी र अन्य प्रदेश प्रहरीको संयुक्त कार्यदलबाट अनुसन्धान हुँदा बढी प्रभावकारी हुने देखिएमा प्रदेश प्रहरीले नेपाल प्रहरीलाई अनुरोध गरी पठाउन सक्नेछ।

(४) प्रचलित कानून बमोजिम प्रदेश सरकार मातहतका अधिकारी वा निकायबाट अनुसन्धान हुने कुनै कसुरको सम्बन्धमा कसुरको गाम्भीर्यता, सार्वजनिक हित र संवेदनशीलताको कारणले सम्बन्धित अधिकारी र प्रदेश प्रहरी अधिकृतले संयुक्त रुपमा अनुसन्धान गर्ने भनी मन्त्रालयले निर्णय गरेको अवस्थामा प्रदेश प्रहरी संयुक्त अनुसन्धान टोलीमा सम्मिलित हुनेछ।

(५) प्रदेश प्रहरीले शान्ति सुरक्षा कायम गर्न तथा कुनै कसुरको अनुसन्धान गर्न आवश्यकता अनुसार अन्य प्रदेश प्रहरीसँग समन्वय गर्न सक्नेछ।

(६) यस दफा बमोजिम प्रदेश प्रहरीले अनुसन्धान गरेको कुनै कसुर सम्बन्धी प्रतिवेदन सम्बन्धित सरकारी वकिल समक्ष पेश गर्नु पर्नेछ।

**१४. <u>अपराध नियन्त्रण तथा अनुसन्धानमा प्रदेश प्रहरीको भूमिकाः</u>** (१) कुनै अपराध भएको, भइरहेको वा हुन लागेको जानकारी प्राप्त हुन आएमा प्रदेश प्रहरीले तत्काल देहाय बमोजिमको कार्य गर्नु पर्नेछः-

(क) तत्काल त्यस्तो स्थानमा उपस्थित भई अपराध हुनबाट रोक्न आवश्यक व्यवस्था मिलाउने,

(ख) अपराध भई सकेकोमा अपराधबारे आफूले देखे जानेसम्मका तथ्य प्रमाण सङ्कलन गर्ने र अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुने अपराध भएमा तत्काल अपराध अनुसन्धानको लागि जिम्मेवार निकाय वा अधिकारीलाई खबर गर्ने,

(ग) दसी प्रमाण नष्ट हुन नदिने तथा घटनास्थलको आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(घ) अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुने अपराधको अनुसन्धानको सन्दर्भमा अनुसन्धान गर्ने निकाय वा अधिकारीलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउने,

(ङ) यस ऐन वा प्रचलित कानून बमोजिम आफूले अनुसन्धान गर्नु पर्ने अपराधको सम्बन्धमा अनुसन्धान गरी सरकारी वकिल समक्ष अनुसन्धान प्रतिवेदन पेश गर्ने,

(च) अपराध हुन नदिन तथा अपराध भइसकेकोमा अपराध अनुसन्धान तथा पीडितको सुरक्षाको लागि आवश्यक पर्ने अन्य कार्य गर्ने।

(२) प्रदेश प्रहरीले कुनै अपराधको अनुसन्धान गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(३) अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुने अपराधको सम्बन्धमा प्रदेश प्रहरीले सङ्कलन गरेको दसी तथा प्रमाण अनुसन्धानसँग सम्बन्धित निकाय वा अधिकारीलाई हस्तान्तरण गर्नु पर्नेछ।

(४) अपराध नियन्त्रण तथा अनुसन्धानको सन्दर्भमा प्रदेश प्रहरीले आवश्यकता अनुसार नेपाल प्रहरीको समन्वयमा रही काम गर्नु पर्नेछ।

**१५. <u>पक्राउ गर्न सक्नेः</u>** (१) यस ऐन र प्रचलित कानून बमोजिम प्रदेश प्रहरीबाट अनुसन्धान हुने कुनै अपराधमा संलग्न भएको वा संदिग्ध व्यक्तिलाई प्रदेश प्रहरीले कानून बमोजिम पक्राउ गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल प्रहरी वा अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुने अपराधमा संलग्न भएको वा संदिग्ध व्यक्तिलाई प्रदेश प्रहरीले कानून बमोजिम पक्राउ गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम पक्राउ परेको व्यक्तिलाई प्रदेश प्रहरीले यथाशीघ्र त्यस्तो अपराध अनुसन्धान गर्ने निकाय वा अधिकारीलाई हस्तान्तरण गर्नु पर्नेछ।

(४) प्रदेश प्रहरी कर्मचारीले देहायका व्यक्तिलाई बिना पक्राउ पूर्जी पक्राउ गर्न सक्नेछः-

(क) फरार घोषित गरिएको शंकित वा कसुरदार,

(ख) कर्फ्यू लागेको समयमा हिडडुल गरेका शंकास्पद व्यक्ति,

(ग) मनासिब कारण नभै रातमा हात हतियार खरखजाना वा घर फोर्ने औजार साथ भएको व्यक्ति,

(घ) कानून अनुसार थुनिएका ठाँउबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति,

(ङ) नेपाली सेना वा नेपाल प्रहरी वा प्रदेश प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल छाडी भागेको भन्ने मनासिब शंका लागेका व्यक्ति।

१६. **माथिल्लो दर्जाका प्रहरी कर्मचारीको अधिकारः** प्रदेश प्रहरी कर्मचारीले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पाएको अख्तियार निजभन्दा माथिल्लो दर्जाका प्रहरी कर्मचारीले प्रयोग गर्न पाउनेछ।

१७. **प्रदेश प्रहरी कर्मचारीले प्रयोग गर्न पाउने अख्तियारः** प्रदेश प्रहरी कर्मचारीले यो ऐन वा अन्य कुनै प्रचलित कानूनबाट पाएको अख्तियारभन्दा बढी अख्तियार वा अधिकार प्रयोग गर्न पाउने छैन।

१८. **प्रदेश प्रहरी कर्मचारी हरहमेशा ड्युटिका लागि तयार रहनु पर्नेः** प्रदेश प्रहरीका प्रत्येक कर्मचारी हरहमेशा ड्युटिका लागि तयारी हालतमा रहनु पर्नेछ र जुनसुकै समयमा पनि प्रदेश प्रहरी कर्मचारीलाई काममा खटाउन सकिनेछ।

१९. **मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गर्नुपर्नेः** (१) प्रदेश प्रहरीले अनुसन्धानको क्रममा कसैलाई पक्राउ गरी म्याद थपको लागि सम्बन्धित सरकारी वकिल समक्ष पेश गरेको विषयको जानकारी मुख्य न्यायाधिवक्ताको कार्यालयमा तत्काल गराउनु पर्नेछ।

(२) प्रदेश प्रहरीको कुनै प्रहरी कार्यालयले जाहेरी दरखास्त वा सूचना दर्ता गर्न इन्कार गरेको विषयमा मुख्य न्यायाधिवक्ताको कार्यालयमा समेत उजुरी गर्न सकिनेछ। त्यस्तो उजुरी मनासिब देखिएमा मुख्य न्यायाधिवक्ताको कार्यालयले सम्बन्धित प्रहरी कार्यालयलाई त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गरी आवश्यक कारबाही चलाउन निर्देशन दिन सक्नेछ।

(३) मानव अधिकारको संरक्षण तथा प्रदेश सरकारको हक हित रक्षा गर्ने उद्देश्यले अपराधको अनुसन्धान निष्पक्ष तथा प्रभावकारी बनाउन वा थप अनुसन्धान गर्न आवश्यक देखिएमा मुख्य न्यायाधिवक्ताको कार्यालयले सम्बन्धित अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको निर्देशन पालना गर्नु सम्बन्धित प्रहरी कार्यालय तथा अनुसन्धान अधिकारीको कर्तव्य हुनेछ।

(५) प्रदेश प्रहरीले सम्बन्धित सरकारी वकिल समक्ष कुनै कसुरको सम्बन्धमा पेश गरेको अनुसन्धान सम्बन्धी प्रतिवेदनको एक प्रति तत्काल मुख्य न्यायाधिवक्ताको कार्यालयमा पेश गर्नु पर्नेछ।

२०. **बेवारिसी शवका सम्बन्धमाः** बेवारिसी शव फेला परेमा प्रदेश प्रहरीले जिम्मामा लिई शवको सनाखत र कालगतिले मृत्यु भएकोमा मुचुल्का गराई हकवाला फेला परे दाह संस्कार गर्न बुझाउनु पर्नेछ। हकवाला फेला नपरे वा बुझी नलिए त्यस्तो शव चिकित्साशास्त्र अध्ययन संस्थान स्थापना भएको ठाउँमा अध्ययनको प्रयोजनको निमित्त त्यस्तो संस्थानलाई आवश्यक भएमा सो संस्थानलाई बुझाउनु पर्नेछ। त्यस्तो संस्थान नभएको ठाउँमा वा त्यस्तो संस्थानलाई आवश्यक नपर्ने भएमा प्रदेश प्रहरीले स्थानीय गाउँपालिका वा नगरपालिका वा सामाजिक संस्था मार्फत दाह संस्कार गराउनु पर्नेछ।

तर दुर्घटनामा परी, आत्महत्या गरी वा शंकास्पद स्थितिमा मृत्यु भएकोमा भने प्रचलित कानून बमोजिम घटनास्थल/लाश जाँच र शव परीक्षण समेत गर्नु पर्ने अनुसन्धानको काम कारबाई पूरा गरेपछि मात्र त्यस्तो शव अध्ययन संस्थानलाई बुझाई दिनु वा दाह संस्कार गराउन सकिनेछ।

२१. **प्रहरी कर्मचारीले कार्य सम्पादन गर्दा पालना गर्नु पर्नेः** प्रदेश प्रहरी कर्मचारीले आफ्नो कार्य सम्पादनको सिलसिलामा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) जिम्मेवार, उत्तरदायी र जवाफदेही हुनु पर्ने,

(ख) निष्पक्ष सेवा प्रवाह गर्नु पर्ने,

(ग) छिटो छरितो र प्रभावकारी सेवा प्रदान गर्नु पर्ने,

(घ) शिष्ट र सभ्य बोली तथा व्यवहार गर्नु पर्ने,

(ङ) प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिम नागरिक अधिकारको सम्मान गर्नु पर्नेः-

(१) कुनै पनि प्रहरी कार्यालयमा शान्ति पूर्वक प्रवेश गर्ने र प्रहरीको सेवा प्राप्त गर्ने,

(२) प्रहरी कार्यालयको जिम्मेवार अधिकारीलाई भेटी प्रहरीको कार्य क्षेत्रसँग सम्बन्धित सूचना दिने वा प्रहरीको सहायता प्राप्त गर्ने,

(३) कुनै अपराधको सम्बन्धमा प्रहरी कार्यालयमा दिएको सूचना ग्रहण गरिएको जानकारी सहितको भरपाई प्राप्त गर्ने,

(४) प्रहरीको कार्यक्षेत्रसँग सम्बन्धित कुनै घटना वा शङ्कास्पद गतिविधिको सम्बन्धमा दिएको मौखिक, लिखित वा अन्य कुनै माध्यमको सूचना प्रहरी कार्यालयमा दर्ता गराउने,

(५) आफू जाहेरवाला वा पीडित भएको कुनै कसुर वा घटनाको सम्बन्धमा भएको अनुसन्धान वा प्रहरी कारबाहीको बारेमा सूचना प्राप्त गर्ने,

(६) पीडित महिलाले आफ्नो गोपनीयता कायम रहने गरी सम्भव भएसम्म महिला प्रहरीको उपस्थितिमा उजुरी दिने र आवश्यक सेवा प्राप्त गर्ने,

(७) थुनामा रहेको महिलाले आफ्नो गोपनीयता कायम रहने स्तरको भौतिक सुविधा र महिला प्रहरीको सहयोग प्राप्त गर्ने,

(८) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, उत्पीडित र उपेक्षित वर्गका व्यक्ति तथा ज्येष्ठ नागरिकले भेदभाव रहित, लैङ्गिक सम्वेदनशील, सम्मानपूर्ण र प्रभावकारी प्रहरी सेवा पाउने, र

(९) वैयक्तिक गोपनीयताको संरक्षण हुने गरी प्रहरी सेवा प्राप्त गर्ने।

२२. **<u>आधारभूत सुविधा उपलब्ध गराउनेः</u>** प्रहरी कार्यालयले देहायका व्यक्तिलाई आवश्यकता अनुसार कानून बमोजिम खाना, पिउने पानी, शौचालय, स्नानकक्ष जस्ता आधारभूत सुविधा उपलब्ध गराउनु पर्नेछः-

(क) प्रहरी कार्यालयमा थुनामा रहेको व्यक्ति,

(ख) कानूनको विवादमा परेका वा सरकारी संरक्षणको आवश्यकता परेका बालबालिका र अपाङ्गता भएका व्यक्ति तथा कसुरबाट प्रभावित महिला र न्यायिक निकायबाट निर्दिष्ट अन्य व्यक्तिहरू।

परिच्छेद-४

**पद र पदपूर्ति सम्बन्धी व्यवस्था**

२३. **प्रदेश प्रहरीमा रहने श्रेणी र पदः** (१) प्रदेश प्रहरी सेवामा रहने प्रहरीको श्रेणी र पद देहाय बमोजिम हुनेछः-

(क) राजपत्राङ्कित श्रेणी र पदः

(१) प्रथम श्रेणी - प्रहरी नायब महानिरीक्षक
- प्रहरी वरिष्ठ उपरीक्षक

(२) द्वितीय श्रेणी - प्रहरी उपरीक्षक
- प्रहरी नायब उपरीक्षक

(३) तृतीय श्रेणी - प्रहरी निरीक्षक

(ख) राजपत्र अनंकित श्रेणी र पदः

(१) प्रथम श्रेणी - प्रहरी नायब निरीक्षक

(२) द्वितीय श्रेणी - प्रहरी सहायक निरीक्षक

(३) तृतीय श्रेणी - प्रहरी हवल्दार

(४) चतुर्थ श्रेणी - प्रहरी जवान

(ग) श्रेणी विहीनः प्रहरी कार्यालय सहयोगी वा सो सरह

(२) प्रदेश प्रहरी सेवाको श्रेणी विहीन पदमा देहाय बमोजिमको स्तर रहनेछन्:

(क) प्रथमस्तर

(ख) द्वितीयस्तर

(ग) तृतीयस्तर

(घ) चतुर्थस्तर

(ङ) पाँचौस्तर

(३) श्रेणी विहिन पदको स्तर वृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **<u>पदपूर्तिः</u>** (१) खुला प्रतियोगिताबाट पूर्ति हुने प्रदेश प्रहरी सेवाको पदमा नियुक्तिको लागि आवश्यक पर्ने शैक्षिक योग्यता, पदपूर्ति प्रक्रिया, परीक्षाको पाठ्यक्रम र परीक्षा प्रणाली नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीको लागि निर्धारण भए सरह हुनेछ।

(२) प्रहरी सेवाको देहायको पदमा देहाय बमोजिम पूर्ति गरिनेछः–

| सि न | पद | खुला प्रतियोगिताद्वारा | बढुवाद्वारा |
|---|---|---|---|
| (क) | प्रहरी कार्यालय सहयोगी वा सो सरह | १००% | - |
| (ख) | प्रहरी जवान | १००% | - |
| (ग) | प्रहरी हवल्दार | - | १००% |
| (घ) | प्रहरी सहायक निरीक्षक | ४०% | ६०% |
| (ङ) | प्रहरी नायब निरीक्षक | – | १००% |
| (च) | प्रहरी निरीक्षक | ५०% | ५०% |
| (छ) | प्रहरी निरीक्षकभन्दा माथिका पदहरू | – | १००% |

(३) उपदफा (२) को खण्ड (ग) वा (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ प्रहरी हवल्दार वा प्रहरी नायब निरीक्षक पदमा बढुवाद्वारा पूर्ति हुन सक्ने अवस्था नभएमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्न सकिनेछ।

(४) उपदफा (२) को खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहको स्वास्थ्यतर्फको प्रहरी नायब उपरीक्षकको दरबन्दी सृजना

हुँदाका बखत विशेष शैक्षिक योग्यता तोकिएको र बढुवाद्वारा त्यस्तो पद पूर्ति हुन सक्ने अवस्था नभएमा त्यस्तो पद खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्न सकिनेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ तल्लो पद नहुने पद पूर्ति गर्दा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ।

(६) प्रदेश प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

(क) महिला - बीस प्रतिशत

(ख) आदिवासी/जनजाति - पैंतालिस प्रतिशत

(ग) थारू /मधेसी - पाँच प्रतिशत

(घ) दलित - बीस प्रतिशत

(ङ) पिछडिएको क्षेत्र - दश प्रतिशत

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनका लागि पिछडिएको क्षेत्र भन्नाले नेपाल सरकार र प्रदेश सरकारले तोकेको क्षेत्र सम्झनु पर्छ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने रिक्त पद मध्ये तोकिए बमोजिमको न्यूनतम योग्यता पुगेका अमर प्रहरी वा चुनौतीपूर्ण जिम्मेवारी निर्वाहको क्रममा अशक्त भएको प्रदेश प्रहरी कर्मचारीको परिवारको सदस्य मध्येबाट दुई प्रतिशत पदमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ।

(८) उपदफा (६) बमोजिम निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

तर यो दफा प्रारम्भ भएपछि हुने राष्ट्रिय जनगणनाको तथ्याङ्कको आधारमा उपदफा (६) बमोजिम निर्धारण गरिएको प्रतिशत पुनरावलोकन गर्न बाधा पर्ने छैन।

(९) पदपूर्तिका लागि पदसङ्ख्या निर्धारण लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **<u>पदपूर्ति समितिः</u>** (१) प्रदेश प्रहरी सेवाको पदमा खुल्ला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्य | - अध्यक्ष |
| (ख) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव | - सदस्य |
| (ग) | मन्त्रालयको सचिव | - सदस्य |
| (घ) | प्रदेश प्रहरी प्रमुख | - सदस्य |
| (ङ) | प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी वरिष्ठ उपरीक्षक | - सदस्य-सचिव |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी सहायक निरीक्षकभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न प्रदेश लोक सेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी पदपूर्ति समितिले आवश्यकता अनुसार बढीमा पाँच सदस्य रहेको पदपूर्ति उपसमिति गठन गरी आफूमा रहेको अधिकार सुम्पन सक्नेछ।

(३) पदपूर्ति समिति वा पदपूर्ति उपसमितिले उम्मेदवारको छनौटको लागि आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई काममा लगाउन सक्नेछ।

२६. **<u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा २४ बमोजिम पदपूर्तिको लागि प्रतिशत तथा सङ्ख्या निर्धारण गर्ने,

(ख) पदपूर्ति कार्यतालिका बनाउने,

(ग) परीक्षाको किसिम तोक्ने,

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(ङ) दफा २७ मा उल्लेख भए बाहेकका परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(च) नियुक्तिका लागि सिफारिस गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **लिखित परीक्षाः** प्रदेश प्रहरी प्रधान कार्यालयले प्रदेश प्रहरी सेवाको खुल्ला प्रतियोगिताबाट पूर्ति हुने पदको लिखित परीक्षाको लागि उम्मेदवारको नामावली सहित प्रदेश लोक सेवा आयोगमा अनुरोध गरी पठाउनु पर्नेछ।

२८. **नियुक्ति सम्बन्धी व्यवस्थाः**(१) प्रदेश प्रहरी सेवाको देहायका पदमा नियुक्ति गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | प्रहरी वरिष्ठ उपरीक्षकको पदमा | - | प्रदेश सरकार |
| (ख) | प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक र प्रहरी निरीक्षकको पदमा | - | प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्री |
| (ग) | प्रहरी नायब निरीक्षकको पदमा | - | मन्त्रालयको सचिव |
| (घ) | प्रहरी सहायक निरीक्षक पदमा | - | प्रदेश प्रहरी प्रमुख |
| (ङ) | प्रहरी हवल्दार र प्रहरी जवान पदमा | - | प्रहरी उपरीक्षक वा प्रहरी नायब उपरीक्षक |
| (च) | प्रहरी कार्यालय सहयोगी पदमा | - | प्रहरी नायब उपरीक्षक |

(२) नियुक्ति गर्ने अधिकारीले पदपूर्ति समिति वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा सिफारिस प्राप्त भएको मितिले राजपत्राङ्कित पदमा एक महिनाभित्र र राजपत्रअनङ्कित पदमा पन्ध्र दिनभित्र नियुक्ति दिनु पर्नेछ।

(३) प्रदेश प्रहरीको पदमा नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **<u>कायम मुकायम, कार्यबाहक र निमित्त सम्बन्धी व्यवस्थाः</u>** प्रदेश प्रहरीको प्रमुख वा कार्यालय प्रमुख पदमा कायम मुकायम मुकरर गर्ने, कार्यबाहक र निमित्त तोक्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **<u>बढुवा सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश प्रहरी सेवाको देहायको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समितिहरू रहनेछन्ः-

(क) प्रहरी वरिष्ठ उपरीक्षक पदका लागिः-

(१) प्रदेश सरकारको प्रमुख सचिव -अध्यक्ष

(२) मन्त्रालयको सचिव -सदस्य

(३ प्रदेश लोक सेवा आयोगको सचिव -सदस्य

(४) प्रदेश प्रहरी प्रमुख -सदस्य

(५) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी वरिष्ठ उपरीक्षक -सदस्य-सचिव

(ख) प्रहरी निरीक्षक, प्रहरी नायब उपरीक्षक र प्रहरी उपरीक्षक पदका लागिः-

(१) मन्त्रालयको सचिव -अध्यक्ष

(२) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव -सदस्य

(३ प्रदेश लोक सेवा आयोगको सचिव -सदस्य

(४) प्रदेश प्रहरी प्रमुख -सदस्य

(५) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी वरिष्ठ उपरीक्षक -सदस्य-सचिव

(ग) प्रहरी नायब निरीक्षक र प्रहरी सहायक निरीक्षक पदका लागिः-

(१) प्रदेश प्रहरी प्रमुख -अध्यक्ष

(२) मन्त्रालयको अधिकृतस्तर नवौं/दशौं वा सो सरहको प्रतिनिधि -सदस्य

(३) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको अधिकृतस्तर नवौं/दशौं वा सो सरहको प्रतिनिधि -सदस्य

(४) प्रदेश लोक सेवा आयोगको अधिकृतस्तर नवौं/दशौं वा सो सरहको प्रतिनिधि -सदस्य

(५) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी नायब उपरीक्षक -सदस्य-सचिव

(घ) प्रहरी हवल्दार पदका लागिः-

(१) प्रदेश प्रहरी प्रमुखले तोकेको कम्तीमा प्रहरी नायब उपरीक्षक -अध्यक्ष

(२) प्रदेश लोक सेवा आयोगको अधिकृतस्तर सातौं/आठौं वा सो सरहको प्रतिनिधि -सदस्य

(३) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी निरीक्षक -सदस्य-सचिव

(२) बढुवा समितिमा रहेका प्रदेश प्रहरी पदाधिकारी वा निजामती कर्मचारीको नजिकको नातेदार बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेछ र त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नु पर्ने भएमा प्रदेश प्रहरी पदाधिकारीको हकमा प्रदेश प्रहरी प्रमुखले र निजामती कर्मचारीको हकमा प्रमुख सचिवले त्यस्तो पदाधिकारीको सट्टा समान तहको अर्को पदाधिकारीलाई बढुवा समितिमा काम गर्ने गरी तोक्नेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनका लागि "नजिकको नातेदार" भन्नाले बाबु, आमा, सौतेनी आमा, सौतेनी बाबु, पति, पत्नी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाइँ, धर्मपुत्र, धर्मपुत्री, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, भिनाजु, बहिनी, बहिनीज्वाइँ, नाति, नातिनीबुहारी, नातिनी, नातिनीज्वाइँ, भान्जा, भान्जीबुहारी, भान्जी, भान्जीज्वाइँ, भतिजा, भतिजाबुहारी, भतिजी, भतिजी ज्वाइँ, सासू, ससुरा, देवर, देउरानी, नन्द, आमाजु, जेठाजु, जेठानी, जेठान, साला, साली सम्झनु पर्छ।

(३) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रदेश प्रहरी कर्मचारीलाई बढुवाका लागि पहिला सिफारिस गर्नु पर्नेछ।

(४) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेको प्रदेश प्रहरी कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गर्नु पर्नेछ।

(५) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही बढुवा समितिले बढुवाको सिफारिस गर्ने प्रयोजनको लागि आवश्यक सिद्धान्त र कार्यविधि तय गरी लागु गर्न सक्नेछ।

**३१. <u>बढुवाको आधार:</u>** (१) बढुवा समितिले प्रहरी कर्मचारीलाई कार्य क्षमता बापत पाएको कूल अङ्कको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रम अनुसार बढुवाको लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य क्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा एक सय अङ्क दिइनेछः-

| | | |
|---|---|---|
| (क) | कार्य सम्पादन मूल्याङ्कन बापत | ४० |
| (ख) | ज्येष्ठता बापत | २५ |
| (ग) | शैक्षिक योग्यता बापत | १० |
| (घ) | तालिम बापत | ८ |
| (ङ) | भौगोलिक क्षेत्र बापत | ७ |
| (च) | जोखिमपूर्ण वा चुनौतीपूर्ण कार्य बापत | ५ |
| (छ) | बढुवा समितिले दिने | ५ |

(३) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित प्रदेश प्रहरी सेवाको बढुवा सम्बन्धी व्यवस्थामा भएको संशोधन एक वर्षपछि लागु हुनेछ।

(४) प्रदेश प्रहरी सेवाका प्रहरी कर्मचारीको बढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३२.** <u>**सरुवा सम्बन्धी व्यवस्थाः**</u> प्रदेश प्रहरी सेवाका प्रहरी कर्मचारीको सरुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३३.** <u>**पदाधिकार कायम रहनेः**</u> देहायको अवस्थामा प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,
(ख) सरुवा भई कार्यभार सम्हाल्न पाइने अवधिसम्म,
(ग) बिदामा बसेको अवधिभर,
(घ) निलम्बनमा रहेको अवधिभर,
(ङ) प्रदेश सरकारले कुनै काममा खटाएकोमा सो अवधिभर,
(च) माथिल्लो पदमा कायम मुकायम, कार्यबाहक वा निमित्त भई काम गरेको अवधिभर।

परिच्छेद-५

<u>पारिश्रमिक, सुविधा र सेवाका शर्त</u>

**३४.** <u>**पारिश्रमिक तथा सुविधाः**</u> (१) नेपाल सरकारले बनाएको मापदण्डको अधीनमा रही प्रदेश सरकारले प्रदेश प्रहरी कर्मचारीले पाउने पारिश्रमिक तथा सुविधा निर्धारण गर्नेछ।

(२) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति हुने प्रहरी कर्मचारीले योगदानमा आधारित सेवा निवृत्त सुविधा पाउनेछ।

**३५.** <u>**बिदा नलिई गैर हाजिर हुन नपाइनेः**</u> प्रदेशको कुनै प्रहरी कर्मचारीले बिदा नलिई गैर हाजिर हुन पाउने छैन।

**३६.** <u>**बिदाका किसिमः**</u> (१) प्रदेश प्रहरी कर्मचारीले देहाय बमोजिमका बिदा पाउनेछः-

(क) भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

(ङ) प्रसूति बिदा,

(च) प्रसूति स्याहार बिदा,

(छ) सट्टा बिदा,

(ज) अध्ययन बिदा।

(२) प्रदेश प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दाबी गर्न पाउने छैन।

(३) कामको अनुकूल हेरी बिदा दिने अधिकारीले आफ्नो तजबिजबाट बिदा स्वीकृत वा अस्वीकृत गर्न सक्ने तथा आवश्यक परेमा बिदामा बसेको प्रदेश प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी काममा लगाउन सक्नेछ।

(४) बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **पदावधि तथा अवकाश सम्बन्धी व्यवस्थाः** प्रदेश प्रहरी सेवाका कर्मचारीको पदावधि र अवकाश सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

तर नियमावलीमा तोकिनु भन्दा अगाडि अवकाश सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय प्रहरी सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

३८. **सेवाका अन्य शर्तः** प्रदेश प्रहरी सेवाका प्रहरी कर्मचारीको सेवाको शर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## आचरण

३९. **दान, दातव्य, उपहार लिन नहुने**ः (१) कानून बमोजिम प्रदेश प्रहरी कर्मचारीले सम्पादन गर्नु पर्ने काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी प्रदेश प्रहरी सेवाको कुनै पनि प्रहरी कर्मचारी र निजको परिवारका सदस्य समेतले प्रदेश सरकारको पूर्व स्वीकृति बिना स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा आफ्नो पदीय कामसँग सम्बन्धित व्यक्तिसँग सापट लिनु हुँदैन।

(२) प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्छ।

४०. **<u>चन्दा लिन नहुने</u>**ः प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्वस्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा चन्दा लिन हुँदैन र अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

४१. **<u>सम्पत्तिको विवरण दिनु पर्ने</u>**ः प्रदेश प्रहरी सेवामा कार्यरत प्रत्येक प्रहरी कर्मचारीले त्यस्तो पद धारण गरेको मितिले र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्बन्धित कार्यालय मार्फत तोकिएको कार्यालयमा बुझाउनु पर्नेछ।

४२. **<u>कम्पनीको स्थापना र व्यापार व्यवसाय गर्न नहुने</u>**ः प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैनः-

(क) कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

४३. **<u>सरकारी काममा थाहा पाएका कुरा प्रकाश गर्नमा प्रतिबन्ध</u>**ः प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीले प्रदेश सरकारद्वारा अख्तियार नपाई आफूले सरकारी कर्तव्य पालना गर्दा सरकारी वा गैरसरकारी साधनबाट प्राप्त गरेको वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनधिकृत व्यक्ति वा सञ्चार माध्यमलाई जानकारी दिन हुँदैन। यो प्रतिबन्ध जुनसुकै कारणले प्रहरी सङ्गठनबाट अलग रहेको व्यक्तिको हकमा समेत लागु हुनेछ।

४४. **<u>अनधिकृत रुपमा सूचना सम्प्रेषण गर्न नहुने</u>**ः (१) प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीले प्रदेश सरकारको अनुमति प्राप्त नगरी कुनै पनि सञ्चार माध्यम वा सामाजिक सञ्जालमा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी रुपमा प्रहरी सङ्गठनसँग सम्बन्धित कुनै सूचना, लेख वा रचना सम्प्रेषण गर्न हुँदैन।

तर प्रदेश प्रहरी सङ्गठनको प्रवक्ताको रुपमा तोकिएको प्रहरी कर्मचारीले सम्बन्धित प्रहरी सङ्गठनको प्रमुखको अनुमतिमा कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक र व्यावसायिक विषयको लेख प्रकाशन वा प्रसारण गर्न सकिनेछ।

तर त्यस्तो लेख प्रकाशन वा प्रसारण गरे पछि आफ्नो कार्यालयमा जानकारी गराउनु पर्नेछ।

४५. **सरकारको आलोचना गर्न नहुने**: प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीले सरकारको नीति विरुद्ध हुने गरी वा सरकार र नेपाली जनताबीचको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न, सञ्चार माध्यमलाई कुनै जानकारी दिन वा वक्तव्य प्रकाशन वा प्रसारण गर्न वा सार्वजनिक भाषण गर्न हुँदैन।

४६. **निर्वाचनमा भाग लिन नहुने**: प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीले कुनै राजनीतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुँदैन।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार गोप्य रुपमा प्रयोग गर्न बाधा पर्ने छैन।

४७. **राजनीतिमा भाग लिन नहुने**: प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीले कुनै राजनीतिक दल वा संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक दल वा संस्थालाई सहायताको निमित्त चन्दा दिन वा कुनै राजनीतिक दल वा संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन।

४८. **सञ्चार माध्यमको सहारा लिन नहुने**: प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई कुनै व्यक्तिद्वारा निजको कर्तव्य पालनको सम्बन्धमा लगाइएको आरोपको खण्डन वा प्रतिरक्षाको निमित्त सञ्चार माध्यम वा सामाजिक सञ्जालको सहारा लिन हुँदैन।

तर प्रहरी कर्मचारीको आफ्नो व्यक्तिगत काम वा चरित्रको सम्बन्धमा सफाइ दिन पाउने अधिकारमा कुनै असर पुऱ्याएको मानिने छैन।

४९. **<u>समय पालन र नियमितताः</u>** प्रदेश प्रहरी सेवामा कार्यरत प्रत्येक प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रूपले आफ्नो पालोमा हाजिर हुनुपर्छ र साधारणतया पहिले बिदाको स्वीकृति नलिई कामबाट अनुपस्थित हुनु हुँदैन।

५०. **<u>अनुशासन र आज्ञापालन</u>**ः (१) प्रदेश प्रहरी सेवामा कार्यरत प्रत्येक प्रहरी कर्मचारीले आफ्नो कर्तव्य इमानदारी र तत्परताको साथ पालना गर्नु पर्छ।

(२) प्रदेश प्रहरी कर्मचारीले आफ्नो पदीय काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई शीघ्रताका साथ पूरा गर्नु पर्छ।

(३) प्रदेश प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरूप्रति उचित आदर देखाउनु पर्छ र आफू मातहतका प्रहरी कर्मचारीप्रति उचित व्यवहार गर्नुपर्छ।

५१. **<u>बाहिरी प्रभाव पार्न नहुने</u>ः** प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा मतलब साध्य गर्न आफूभन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन।

५२. **<u>संवेदनशील भई सेवा प्रदान गर्नुपर्ने</u>ः** (१) प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारी आफ्नो पदीय काम, कारबाही र व्यवहारमा लैङ्गिक रुपमा संवेदनशील हुनु पर्छ।

(२) प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीले अपाङ्गता भएका व्यक्तिसँग अपाङ्गमैत्री व्यवहार गर्नु पर्छ।

(३) प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारी ज्येष्ठ नागरिक, बालबालिका र तेस्रो लिङ्गीप्रति संवेदनशील रहनु पर्छ।

५३. **<u>विवाह सम्बन्धी कसुर गर्न नहुने</u>** : प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीले प्रचलित कानून विपरीत हुने गरी विवाह गर्नु, गराउनु हुँदैन।

५४. **<u>हातपात वा जोर जुलुम गर्न नहुने</u>**ः प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहत प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोर जुलुम गर्न वा गराउन हुँदैन।

५५. **<u>स्थायी आवासीय अनुमति लिन नहुने</u>ः** (१) प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीले कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन।

(२) कुनै प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएमा अनुमति लिएको तीस दिनभित्र सम्बन्धित प्रहरी कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेश गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भए पछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रदेश प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्नेछ।

परिच्छेद-७

## विभागीय सजाय र पुनरावेदन

५६. **विभागीय सजायः** उचित र पर्याप्त कारण भएमा प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछः-

(क) सामान्य सजाय

(१) शारीरिक परिश्रम हुने सजाय गर्ने वा नियन्त्रणमा राख्ने,

(२) नसिहत दिने,

(३) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(४) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(५) बढीमा पाँच वर्षसम्म तलब वृद्धि रोक्का गर्ने,

(६) खाइपाई आएको बढीमा पाँच वर्षसम्म तलब वृद्धि घटुवा गर्ने,

(७) हालको पदको ज्येष्ठता सहित खाइपाई आएको सुरु स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने।

(ख) विशेष सजाय

(१) भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

५७. **शारीरिक परिश्रम गराउने वा नियन्त्रणमा राख्ने वा नसिहत दिने वा प्रतिकूल राय लेख्नेः** देहायको कुनै अवस्थामा कुनै प्रदेश प्रहरी कर्मचारीलाई यातना नहुने गरी

शारीरिक परिश्रम गराउन वा नियन्त्रणमा राख्न वा नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछः-

(क) कार्य सम्पादन सन्तोषजनक नभएमा,

(ख) तालिममा खटाउँदा नगएको वा तालिम अवधिमा लापरबाही गरी गैरजिम्मेवारपूर्ण व्यवहार देखाएमा,

(ग) सेवाग्राहीको पीर, मर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालन नगरेमा,

(घ) सेवाग्राहीलाई दुर्व्यवहार गरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका बखत मनासिब आधार र कारण विना बाटोका म्याद पछि सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(च) दुई पटकसम्म लिखित चेतावनी पाएमा वा सचेत गराइएमा,

(छ) दफा ४६, ४८, ५१ वा ५५ को उपदफा (२) मा उल्लिखित आचरण उल्लङ्घन गरेमा।

**५८. <u>बढुवा वा तलब वृद्धि रोक्का गर्नेः</u>** देहायको कुनै अवस्थामा कुनै प्रदेश प्रहरी कर्मचारीलाई बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्न सकिनेछः-

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापरवाही गरेमा,

(ख) यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) दफा ३९, ४०, ४३, ४४, ४९, ५० वा ५४ मा उल्लिखित आचरण उल्लङ्घन गरेमा।

**५९. <u>तलब वृद्धि वा तल्लो पदमा घटुवा गर्नेः</u>** देहायको कुनै अवस्थामा कुनै प्रदेश प्रहरी कर्मचारीलाई खाइपाई आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित खाइपाई आएको सुरु स्केलमा घटुवा गर्न वा तल्लो पदमा घटुवा गर्न सकिनेछः-

(क) अनुशासनहीन काम गरेमा,

(ख) दफा ४२, ४५, ५२ वा ५३ मा उल्लिखित आचरण उल्लङ्घन गरेमा,

(ग) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(घ) कानून बमोजिम दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैरहाजिर भएमा,

(च) लापरवाही गरेमा, नियम वा आदेशको पालना नगरेमा,

(छ) लापरवाही गरी सरकारी सम्पत्ति हानि नोक्सानी गरेमा,

(ज) नैतिक पतन देखिने फौजदारी कसुर बाहेकको अन्य कुनै फौजदारी अभियोगमा कैद बाहेक जरिवाना वा क्षतिपूर्ति भराउने वा दुवै सजाय हुने गरी दोषी ठहर भएमा।

६०. **सेवाबाट हटाउने वा बर्खास्त गर्ने** : (१) देहायको कुनै अवस्थामा प्रदेश प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) आफ्नो पदीय जिम्मेवारी पूरा गर्दा लापरवाही गरेमा,

(ख) आचरण सम्बन्धी कुराहरु पटक पटक उल्लङ्घन गरेमा,

(ग) ड्युटिको समयमा पटक पटक मादक पदार्थ सेवन गरेमा,

(घ) पटक पटक अनुशासनहीन काम गरेमा,

(ङ) निर्वाचनमा भाग लिएमा,

(च) राजनीतिमा भाग लिएमा,

(छ) बिदा स्वीकृति नगराई लगातार पैंतालिस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(ज) नैतिक पतन देखिने बाहेकका अन्य कुनै फौजदारी कसुरमा दोषी ठहर भई कैद सजाय तोकिएमा,

तर सरकारी कार्य सम्पादनमा संलग्न हुने क्रममा प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिनाभन्दा कम कैद वा जरिवाना मात्र लागेको प्रदेश प्रहरी कर्मचारीलाई प्रदेश प्रहरी सेवाबाट हटाइने छैन।

(झ) अध्ययन बिदा पूरा गरी फर्किए पछि तोकिए बमोजिमको अवधिसम्म सेवा नगरेमा।

(२) देहायको कुनै अवस्थामा प्रदेश प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएमा,

(घ) दफा ७० बमोजिमको कसुरमा दोषी ठहरिएमा।

६१. **मुद्दा चलाउन बाधा नपर्ने:** यस ऐन बमोजिम विभागीय कारबाही वा सजाय भएकै कारणले प्रचलित कानून बमोजिम मुद्दा चल्न बाधा पुगेको मानिने छैन।

६२. **गयल वा तलब कट्टी गर्ने:** (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने प्रदेश प्रहरी कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयल कट्टी भएको अवधि अनिवार्य अवकाश बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुनेछैन।

(२) कुनै पनि प्रदेश प्रहरी कर्मचारीले झुट्टा कारण देखाई बिदा लिई बसेको ठहरेमा बिदा बसेको अवधिलाई गैर हाजिर जनाई गैर हाजिर सम्बन्धी कसुरमा कारबाही हुनेछ।

६३. **विभागीय सजाय सम्बन्धी कार्यविधि:** (१) प्रदेश प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको व्यहोरा उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई लिखित सूचना दिई निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ। त्यस्तो लिखित सूचनामा निज उपर लगाइएको आरोप स्पष्ट रूपले किटिएको हुनुपर्छ। साथै प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ। आरोप लागेको प्रदेश प्रहरी कर्मचारीले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो सफाइ लिखित रुपमा पेश गर्नु पर्नेछ।

(२) विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिम सफाइ पेश गर्न दिइएको म्यादभित्र सफाइ पेश नगरेमा वा पेश हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो प्रदेश प्रहरी कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा उचित म्याद दिई स्पष्टिकरण माग्नु पर्नेछ।

(३) भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रदेश प्रहरी कर्मचारीको सम्बन्धमा प्रहरी सेवाबाट हटाउँदा वा बर्खास्त गर्दा तोकिए बमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ।

तर नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भइसकेको वा भ्रष्टाचार गरेको प्रमाणित भएको वा दफा ७० बमोजिमको कसुरमा दोषी ठहर भई कैदको सजाय पाएको कुनै प्रदेश प्रहरी कर्मचारीलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिए पुग्नेछ।

(४) कुनै प्रदेश प्रहरी कर्मचारीले यस परिच्छेदमा उल्लिखित कसुर गरेको सम्बन्धमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ गराउन आवश्यक ठानेमा त्यस्तो अधिकारी स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गर्न वा गराउन सक्नेछ। जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित प्रदेश प्रहरी कर्मचारीसँग सोधपुछ गरी सजाय गर्नुपर्ने/नपर्ने सम्बन्धमा कारणसहित आफ्नो प्रतिवेदन तथा सबुद प्रमाण समेत पेश गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम जाँचबुझको काम समाप्त भए पछि सम्बन्धित प्रदेश प्रहरी कर्मचारीसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले उपयुक्त सजाय दिन सक्नेछ।

(६) विभागीय सजाय गर्ने अधिकारीले कुनै प्रदेश प्रहरी कर्मचारीलाई सेवाबाट बर्खास्त गर्ने, सेवाबाट हटाउने, तल्लो पदमा घटुवा गर्ने वा तलब घटाउने आदेश दिँदा सो गर्नाको आधार सहितको अभियोग, सो बारे जाँचबुझ गरेको व्यहोरा, निजलाई सफाइको मौका दिएकोमा निजको सफाइको जिकिर र सो जिकिर बमोजिमको केही बुझिएको भए सो समेतबारे आफ्नो ठहर लेखी पर्चा समेत खडा गरी सही गरी मिसिल सामेल राख्नु पर्छ।

तर दफा ६० को उपदफा (२) को खण्ड (क) (ख) र (घ) बमोजिमको अवस्थामा सफाइको मौका दिनु पर्ने छैन।

(७) कुनै प्रदेश प्रहरी कर्मचारीका विरुद्ध विभागीय कारबाही चलिरहेको विषयमा अदालतमा मुद्दा चली फैसला अन्तिम भई सफाइ पाएमा त्यस्तो विभागीय कारबाही थप अगाडि बढाइने छैन।

(८) विभागीय सजाय सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

६४. **निलम्बनः** (१) कुनै अभियोग लागेको प्रदेश प्रहरी कर्मचारीलाई सजायको आदेश दिन पाउने अधिकारीले अभियोगको विषयमा टुङ्गो नलागेसम्म निलम्बन गर्न सक्नेछ। यसरी निलम्बन गर्दा निलम्बन गर्नुको आधार र कारण स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(२) निलम्बन भएको प्रदेश प्रहरी कर्मचारीले साविक बमोजिमको अनुशासनमा रहनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि छ महिना भन्दा बढी हुनेछैन। निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कुनै पनि प्रदेश प्रहरी कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्था विद्यमान हुनु पर्नेछः

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सवुद प्रमाण गायब वा नष्ट गर्न सक्ने देखिएमा, वा

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा थप सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा, वा

(ग) कुनै प्रदेश प्रहरी कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगरे सङ्गठनभित्रका कर्मचारीहरूमा नैराश्यता, उत्तेजना आउने वा जनमानसमा नकारात्मक असर पर्न सक्ने वा प्रहरी सङ्गठनकै प्रतिष्ठामा आँच आउने भएमा।

(५) उपदफा (१) बमोजिम निलम्बन भएको अवधिभर प्रदेश प्रहरी कर्मचारीले पाउने तलब भत्ताको आधा रकम मात्र पाउनेछ।

(६) कुनै फौजदारी अभियोगमा वा यस ऐन अन्तर्गतको कसुरमा गिरफ्तार भई थुनिएको वा त्यस्तो आरोप लागेको प्रदेश प्रहरी कर्मचारी साधारण तारेखमा छुटेको अवस्थामा बाहेक सो मुद्दाको फैसला नभएसम्म स्वतः निलम्बनमा रहनेछ र सो मुद्दाको फैसला हुँदा सफाइ पाएमा त्यस्तो निलम्बन फुकुवा भई सेवामा बहाली हुनेछ।

तर,

(क) निलम्बित प्रदेश प्रहरी कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको निलम्बन रहेका अवस्थामा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब (तलबवृद्धि हुने भएमा सो समेत) पाउनेछ। कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन।

(ख) कुनै प्रदेश प्रहरी कर्मचारी सरकारी कामको सम्बन्धमा वा कुनै कर्मचारीलाई तोकेको दायित्व पालनाको क्रममा सरकारबाट भएको कारबाही स्वरूप निलम्बन भएको नभई अरू नै कारणबाट

स्वयं निलम्बन हुन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

तर निजले अभियोगबाट सफाइ पाएमा उक्त निलम्बन अवधिभरको तलब भत्ता पाउनेछ।

(७) कुनै प्रदेश प्रहरी कर्मचारी उपर नेपाल सरकार वादी हुने कुनै फौजदारी अभियोगमा कुनै अधिकारप्राप्त निकायले निलम्बनका लागि लेखी पठाएमा त्यस्तो प्रदेश प्रहरी कर्मचारीलाई अधिकारप्राप्त अधिकारीले निलम्बन गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(८) सुरु अदालतबाट सफाइ पाएको कुनै प्रदेश प्रहरी कर्मचारी माथिल्लो अदालतबाट दोषी ठहर भएमा सो कुराको जानकारी दिने दायित्व सम्बन्धित प्रदेश प्रहरी कर्मचारीको हुनेछ। त्यसरी जानकारी नदिएको कारणबाट त्यस्तो अवधिको तलब भत्ता पाएको भए सो रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(९) निलम्बन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६५. **सफाइको मौका दिनु नपर्ने**: कुनै प्रदेश प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नु पर्ने भएमा अधिकारप्राप्त अधिकारीले पर्चा खडा गरी सेवाको अन्त गर्न सक्नेछ। यसरी सेवाको अन्त गर्दा दफा ६३ बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैनः-

(क) परीक्षण कालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै,

(ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक वा मानसिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

६६. **पुनरावेदनको कार्यविधि**: (१) विभागीय सजायको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने प्रदेश प्रहरी कर्मचारीले जुन कार्यालयबाट सजायको आदेश गरिएको हो सोही कार्यालय मार्फत् वा सोझै पुनरावेदन सुन्ने अधिकारी समक्ष पुनरावेदन दिन सक्नेछ।

(२) पुनरावेदन गर्ने व्यक्तिले सजायमा चित्त नबुझेको कारण र सजायको आदेश बदर हुनु पर्ने आधार समेत शिष्ट भाषामा लेखी आफूसँग भएको प्रमाण समेत खुलाई पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल समेत संलग्न गरी पुनरावेदन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिँदा आदेशको सूचना पाएको मितिले तीस दिनभित्र दिनु पर्नेछ।

(४) विभागीय सजायको आदेश सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

(५) पुनरावेदन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

६७. **विभागीय सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारीः** प्रदेश प्रहरी कर्मचारीलाई विभागीय सजायको आदेश दिने र त्यस उपरको पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

६८. **असुल उपर गरिनेः** कुनै प्रदेश प्रहरी कर्मचारीको लापरबाहीको कारणबाट प्रदेश सरकारलाई कुनै हानि नोक्सानी हुन गएमा सो हानि नोक्सानी निजको जुनसुकै स्रोतबाट असुल उपर गरिनेछ।

६९. **पुनर्बहाली भएमा पाउने सुविधाः** (१) कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी दिइएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई सेवामा पुनः कायम भएमा त्यस्तो प्रदेश प्रहरी कर्मचारीले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता, अन्य सुविधा र तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत पाउनेछ।

तर भगौडा वा गैर हाजिर भई सेवाबाट हटाइएको वा बर्खास्त गरिएको प्रदेश प्रहरी कर्मचारी सेवामा बहाली भएमा निजले भगौडा वा गैर हाजिर भएको अवधिको कुनैपनि सुविधा पाउने छैन।

(२) उपदफा (१) मा तोकिए बमोजिम तलब भत्ता तथा तलब वृद्धि पाउने भए सो तलब भत्ता बापतको रकम निजको पुनर्बहाली भएको दरबन्दीबाट पाउनेछ।

(३) सुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसुरमा विभागीय कारबाही भई सेवाबाट अलग गरिएका प्रदेश प्रहरी कर्मचारीले उक्त फौजदारी अभियोगमा पुनरावेदन तहबाट सफाइ पाएमा र सफाइ दिने फैसला अन्तिम भएमा निज सेवामा पुनर्बहाली हुनेछ।

## परिच्छेद-८

## कसुर र सजाय

७०. **कसुर र सजायः** (१) प्रदेश प्रहरीको कुनै कर्मचारीले देहायको कुनै कसुर गरेमा निजलाई जन्म कैद वा चौध वर्षसम्म कैद वा तीन वर्षको तलब बराबरसम्म जरिवाना वा दुवै सजाय हुनेछः-

(क) प्रहरी सेवामा सशस्त्र विद्रोह गरेमा वा गराएमा वा विद्रोहमा सरिक भएमा वा सो गर्न गराउन उत्तेजना फैलाएमा वा त्यस्तो गर्न षड्यन्त्र वा उद्योग गरेमा,

(ख) विद्रोह हुने ठाउँमा आफू भएकोमा सकभर रोक्ने कोसिस नगरेमा वा यस्तो बेलामा देशभक्ति वा कर्तव्यरत कुनै पनि व्यक्तिलाई आफ्नो कर्तव्यबाट बिचलित गराएमा वा त्यस्तो उद्योग गरेमा,

(ग) विद्रोह गर्न मनसाय गरेको वा षडयन्त्र वा उद्योग भइरहेको थाहा पाई वा त्यस्तो भइरहेको विश्वास गर्नु पर्ने कारण हुँदाहुँदै पनि निच मारी उच्च पदाधिकारीहरूलाई यथासक्य तत्कालै खबर वा सूचना नदिएमा,

(घ) थाना, चौकी, गारद, पालो पहरा आदि र आफूसाथ वा आफ्नो जिम्मा रहेको हातहतियार, खरखजाना अन्य सरकारी धनमाल र कागजातहरू आक्रमणकारीहरूलाई सुम्पी मद्दत गरेमा,

(ङ) आक्रमण वा मुठभेडको समयमा वा सो हुने सम्भावनामा प्रहरी फोर्स वा जनतामा जानी जानी झुटो आतङ्क फैलाएमा वा हरेस खुवाउने वा आतङ्क पार्ने नियतले झुटो खतराको खबर फैलाएमा।

(२) प्रदेश प्रहरीको कुनै कर्मचारीले देहायको कुनै कसुर गरेमा निजलाई दश वर्षसम्म कैद वा दुई वर्षको तलब बराबरसम्म जरिवाना वा दुवै सजाय हुनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकार वा प्रदेश सरकारको काम कारबाही र नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा सङ्घीय एकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा बोलेर वा आकार, चिह्न वा संकेतद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे गराएमा वा सो उद्योग गरेमा,

(ख) नेपालको कुनै मित्रराष्ट्रभित्र लुटमार गरेमा वा गर्न तयारी गरेमा, त्यस्तो व्यक्तिलाई मद्दत वा सूचना दिएमा वा सो मनसायले त्यस्तो व्यक्तिसँग सम्पर्क राखेमा,

(ग) आफू खटिएर वा आफ्नो जिम्मामा रहेको वा आफूले रक्षा गर्नुपर्ने थाना, चौकी गारद, पालो पहरा, पिकेट, टोली वा प्याट्रोल वा प्रतिष्ठान वा कार्यालयमाथि आक्रमणकारी डाँकू, तस्कर, बदमास र हुलदङ्गा गर्नेहरूले आक्रमण गरेका बखत तिनीहरूसँग मुठभेड हुँदा वा त्यस्तो मुठभेड हुने आशंकामा कायरता देखाई भागेमा,

(घ) आफ्नो जिम्मामा रहेका सरकारी वा अरू कसैको हातहतियार खरखजाना बेचबिखन गरेमा,

(ङ) लुटको खोजीमा हिड्न आफ्नो थाना, चौकी, गारद, पालो पहरा, पिकेट, टोली, प्याट्रोल, प्रतिष्ठान वा कार्यालय छोडेमा,

(च) ड्युटीमा रहेको वा नरहेको भए तापनि माथिको दर्जाको प्रहरी कर्मचारी भनी थाहा पाएपछि वा विश्वास गर्ने कारण छँदाछदै आपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा वा धम्की दिएमा,

(छ) आफूमाथिको कुनै अधिकृतले आदेश दिएमा वा बहाल टुटेपछि नियुक्तिको प्रमाणपत्र र बहाल छँदा आफ्नो जिम्मा भएको सरकारी वा अरू कसैको हातहतियार, खरखजाना, संयन्त्र, ज्याबल, सरसामान, नगदी जिन्सी समेत तुरुन्त नबुझाएमा वा मनासिब फाँटवारी नदिएमा,

(ज) लुट्ने अभिप्रायले घर वा कुनै ठाउँ फोरेमा वा कुनै किसिमबाट धनमाल लुटेमा, हानि नोक्सानी वा क्षति गरेमा,

(झ) कर्तव्य पालना गर्दा कायरता देखाएमा।

(३) प्रदेश प्रहरीको कुनै कर्मचारीले देहायको कुनै कसुर गरेमा निजलाई पाँच वर्षसम्म कैद वा एक वर्षको तलब बराबरसम्म जरिवाना वा दुवै सजाय हुनेछः-

(क) आफ्नो जिम्मामा रहेको सरकारी वा अरू कसैको संयन्त्र, ज्याबल, सरसामान, बर्दी, तानामाना, तक्मा, पदक, नगदी, जिन्सी, सवारी साधन र इन्धन इत्यादि जानी जानी वा लापरबाही गरी बिगारेमा, नासेमा, हराएमा वा दुरुपयोग गरेमा वा बदनियतले आफ्नो वा अरू कसैको निमित्त लिएमा वा दिएमा,

(ख) क्याम्पमा रासन वा अरू चाहिने कुरा ल्याउने व्यक्ति उपर हमला वा बेइज्जत गरेमा वा बल प्रयोग गरी अपराध गरेमा वा कुनै स्थानमा बल मिच्याई गरेमा,

(ग) आफूभन्दा माथिको दर्जाको प्रहरी कर्मचारीले दिएको कानून उर्दी नमानेमा,

(घ) प्रदेश प्रहरी फोर्सबाट भागेमा,

(ङ) सेन्ट्री भई पालो बसेको ठाउँमा सुतेमा वा नियमित बदली नआई बिना इजाजत छाडेमा,

(च) नियमित बदली नआई वा बिना इजाजत आफ्नो गारद, पिकेट, टोली वा प्याट्रोल छाडेमा,

(छ) आफूलाई नियुक्त गर्न अख्तियार पाएको अधिकारीको इजाजत बिना राजिनामा गरेमा वा आफ्नो पदको कर्तव्य पालना गर्न छाडेमा,

(ज) सेन्ट्रीलाई कुटेमा वा जबरजस्ती गरेमा वा गर्न उद्योग गरेमा,

(झ) गारद, पिकेट, प्याट्रोलको कमाण्डमा छँदा रितपूर्वक बुझाएको कैदी वा व्यक्ति बुझ्न इन्कार गरेमा, मनासिब अख्तियार बिना आफ्नो जिम्मामा रहेको कुनै व्यक्ति वा कैदीलाई छाडेमा वा लापरबाही गरी त्यस्तो व्यक्ति वा कैदीलाई भाग्न दिएमा,

(ञ) पक्राउ परेका वा थुनिएका बखत छाड्न सक्ने अख्तियार पाएकोले नछाड्दै पक्राउ भएको वा थुनिएको ठाउँ छोडी गएमा,

(ट) रोग वा शरीरको निर्बलताको झुठो बहाना गरेमा वा भान पारेमा,

(ठ) आफ्नो कमाण्ड वा जिम्मामा रहेको व्यक्तिहरूको सङ्ख्या वा अवस्थाको वा त्यस्ता व्यक्ति वा सरकार वा प्रदेश प्रहरी वा प्रहरी फोर्समा सामेल हुन आएको कसैको रुपैयाँ, हातहतियार, खरखजाना, लुगाफाटो, सरसामान वा अन्य मालसामानको झुटो फाँट वा प्रतिवेदन जानी जानी पेश गरेमा वा खराब मनसायले वा जानी जानी बात लाग्ने लापरबाहीबाट माथि लेखिएका विषयको फाँट वा प्रतिवेदन तयार गर्न वा पठाउन छुटाएमा वा इन्कार गरेमा,

(ड) राजनीतिक उद्देश्यले सङ्गठन गरिएको सभा, जुलुस वा प्रदर्शनमा भाग लिएमा, भाषण गरेमा, नारा लगाएमा वा वक्तव्य दिएमा,

(ढ) लैङ्गिक हिंसा गरेमा,

(ण) आफ्नो ओहदाको धाक धम्की दिई कसैलाई अनाहक दुःख र टन्टा दिएमा वा कसैको सम्पत्ति हानि नोक्सानी गरेमा।

## परिच्छेद-९

## मुद्दाको अनुसन्धान र दायरी

७१. **मुद्दाको प्रारम्भिक प्रतिवेदनः** दफा ७० अन्तर्गतको कसुर भए गरेको वा हुन लागेको कुरा जानकारी हुन आएमा वा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धी प्रतिवेदन प्रदेश प्रहरी प्रमुख समक्ष दिनु पर्नेछ। त्यस्तो जानकारी वा प्रतिवेदन प्राप्त भएमा प्रदेश प्रहरी प्रमुखले मुद्दाको अनुसन्धानको प्रकृया अगाडि बढाउनका लागि दफा ७२ बमोजिमको अनुसन्धान समितिलाई लेखी पठाउनु पर्नेछ।

७२. **<u>अनुसन्धान समिति</u>** :(१) दफा ७० मा उल्लिखित कसुरको विस्तृत अनुसन्धान गरी मुद्दा दायर गर्न देहाय बमोजिमको अनुसन्धान समिति रहनेछः-

(क) राजपत्राङ्कित प्रदेश प्रहरी कर्मचारी दफा ७० को कसुरमा वा राजपत्रअनङ्कित प्रदेश प्रहरी कर्मचारी दफा ७० को उपदफा (१) र (२) को कसुरमा संलग्न भएको अवस्थामा;

(१) प्रदेश प्रहरी प्रधान कार्यालयले तोकेको प्रहरी वरिष्ठ उपरीक्षक -संयोजक

(२) मन्त्रालयको कम्तीमा नवौं तह वा सो सरहको अधिकृत प्रतिनिधि -सदस्य

(३) मुख्य न्यायाधिवक्ताको कार्यालयको उपन्यायाधिवक्ता वा सो सरहको प्रतिनिधि -सदस्य

(ख) राजपत्रअनङ्कित प्रदेश प्रहरी कर्मचारी दफा ७० को उपदफा (३) को कसुरमा संलग्न भएको अवस्थामा;

(१) प्रदेश प्रहरी प्रधान कार्यालयले तोकेको प्रहरी उपरीक्षक वा प्रहरी नायब उपरीक्षक -संयोजक

(२) मन्त्रालयको कम्तीमा सातौं तह वा सो सरहको अधिकृत प्रतिनिधि -सदस्य

(३) मुख्य न्यायाधिवक्ताको कार्यालयको राजपत्रांकित तृतिय श्रेणीका अधिकृत -सदस्य

(२) उपदफा (१) बमोजिमको अनुसन्धान समिति वा सो समितिले खटाएको प्रहरी अधिकृतलाई अपराधको अनुसन्धान तहकिकात गर्दा सबुद प्रमाण संकलन गर्ने, पक्राउ गर्ने, खानतलासी गर्ने, अपराधसँग सम्बन्धित कागजात वा अन्य चिज वस्तु बरामद गर्ने, मुचुल्का तयार गर्ने लगायतका काम गर्दा प्रचलित कानून बमोजिम नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा प्रहरीलाई भए सरहको अधिकार हुनेछ।

(३) अनुसन्धान समितिले उपदफा (२) बमोजिम पक्राउ परेको व्यक्तिलाई बाटाको म्याद बाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ। त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीको आदेशले अनुसन्धानका लागि एकै पटक वा पटक पटक गरी बढीमा ६० दिनसम्म हिरासतमा राख्न सकिनेछ।

(४) उपदफा (३) बमोजिमको समयावधिभित्र अनुसन्धान समितिले सम्पूर्ण छानविन तथा अनुसन्धान कार्य पूरा गरी मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम अनुसन्धान गर्दा अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा अनुसन्धान अवधिभर निलम्बन गर्न सकिनेछ।

(६) अनुसन्धान समितिले अनुसन्धान गर्ने प्रयोजनको लागि आवश्यक पर्ने कुनै दसी, लिखत, चिज वस्तु संकलन गर्न वा कुनै व्यक्तिलाई उपस्थित गराउन कुनै पनि सरकारी वा गैरसरकारी निकाय वा संस्थासँग सहयोग माग गर्न वा व्यक्ति उपस्थित गराउन अनुरोध गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम सहयोगको लागि अनुरोध भएमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित निकाय, संस्था वा व्यक्तिको कर्तव्य हुनेछ।

(८) अनुसन्धान तथा अभियोजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७३. **<u>थुनामा राख्ने सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ७० बमोजिमको अभियोग लागेको प्रहरी कर्मचारीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम थुनामा रहेको प्रहरी कर्मचारी थुनामा रहेको अवधिभर स्वतः निलम्बन हुनेछ।

७४. **<u>मुद्दा हेर्ने अधिकारीः</u>** (१) दफा ७० अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने तथा पुनरावेदन सुन्ने अधिकारी सम्बन्धी व्यवस्था प्रहरी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमका मुद्दाको पुर्पक्ष सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१०

## <u>तालिम सम्बन्धी व्यवस्था</u>

७५. **<u>आधारभूत तथा वृत्ति विकास सम्बन्धी तालिम</u>**ः (१) प्रदेश प्रहरीको विभिन्न पदमा गर्नुपर्ने आधारभूत, सेवाकालीन, विशेष तथा विशिष्टीकृत र वृत्ति विकास सम्बन्धी तालिमको आवश्यकता पहिचान, पाठ्यक्रम निर्माण, तालिम अवधि, प्रशिक्षण मापदण्ड र सहभागिता लगायतका विषय तोकिए बमोजिम हुनेछन्।

(२) उपदफा (१) बमोजिमको तालिमको पाठ्यक्रम निर्माण तथा परिमार्जनको लागि देहाय बमोजिमको प्रहरी प्रशिक्षण पाठ्यक्रम निर्माण तथा परिमार्जन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | मन्त्रालयको सचिव | -संयोजक |
| (ख) | प्रदेश प्रहरी प्रमुख | -सदस्य |
| (ग) | समाजशास्त्र, मानवशास्त्र, शिक्षा, व्यवस्थापन, सूचना प्रविधि, सुरक्षा वा कानून क्षेत्रका विज्ञमध्येबाट मन्त्रालयले तोकेको दुई जना | -सदस्य |
| (घ) | प्रदेश प्रहरी प्रशिक्षण प्रतिष्ठानको प्रमुख | -सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका विज्ञहरूको पदावधि दुई वर्ष हुनेछ र निजहरूले पाउने बैठक भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(५) मन्त्रालयले सुरक्षा तथा अपराध अनुसन्धानसँग सम्बन्धित संवेदनशील विषय भनी तोकेका विषयको पाठ्यक्रम मन्त्रालयले स्वीकृत गर्नेछ र उपदफा (२) बमोजिमको समितिमा पेश गरिने छैन।

(६) प्रहरी प्रशिक्षण पाठ्यक्रम निर्माण तथा परिमार्जन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७६. **तालिम लिनु अनिवार्य हुने**: (१) गण्डकी प्रदेश प्रहरी सेवामा रहेका सबै प्रहरी कर्मचारीले तोकिए बमोजिम तालिम लिनु अनिवार्य हुनेछ।

(२) तालिममा सम्मिलित प्रहरी कर्मचारीले लापरवाही गरी आफ्नो व्यावसायिक ज्ञानप्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएमा वा तालिममा अनुत्तीर्ण भएमा सो व्यहोरा अभिलेखमा जनाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखमा जनाइएको प्रहरी कर्मचारीलाई तालिममा पुन: एक पटकको लागि मौका दिइनेछ। यसरी मौका दिँदा समेत उदासिन र गैरजिम्मेवारी देखाई तालिममा पुन: अनुत्तीर्ण भएमा यस ऐन बमोजिम विभागीय कारबाही तथा सेवाबाट हटाउन सम्बन्धित प्रहरी अधिकारीले अख्तियारवाला समक्ष लेखी पठाउनु पर्नेछ।

७७. **तालिम सम्बन्धी अन्य व्यवस्था**: (१) प्रदेश प्रहरीको क्षमता विकासको लागि प्रदेश सरकारले आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

(२) तालिम सञ्चालन विधि, तालिमका प्रशिक्षक तथा प्रशिक्षार्थीले पाउने सुविधा, तालिमको मूल्याङ्कन र परिणाम (ग्रेडिङ्ग) जस्ता व्यवस्था तोकिए बमोजिम हुनेछ।

७८. **<u>वैदेशिक अध्ययन, तालिम र मिसनमा पठाउने</u>**: प्रदेश प्रहरी सेवाको अधिकृत तथा जवानलाई वैदेशिक तालिम वा नेपाल प्रहरीलाई प्राप्त वैदेशिक छात्रवृत्ति अन्तर्गतका अध्ययन, तालिम, सेमिनार, गोष्ठी जस्ता कार्यक्रममा सहभागी हुन वा संयुक्त राष्ट्रसङ्घको मिसनमा खटिने गरी मनोनयन गर्दा ज्येष्ठता, शैक्षिक योग्यता, अनुभव, इच्छा, सेवा विशिष्टीकरण, कार्य सम्पादन क्षमता र सङ्गठनको आवश्यकताका आधारमा तोकिए बमोजिमको समितिले प्रदेश प्रहरी सङ्गठनबाट सम्भाव्य उम्मेदवारको नाम सिफारिस गरी प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्नेछ। यसरी वैदेशिक तालिम वा मिसनका लागि सिफारिस गर्दा सकल दर्जाका प्रहरी कर्मचारीमध्येबाट कसैलाई भेदभाव नगरी समान अवसर पाउने गरी सिफारिस गरिनेछ।

## परिच्छेद-११

## <u>विविध</u>

७९. **<u>नागरिक परामर्श समितिः</u>** (१) प्रदेशमा शान्ति सुरक्षाको सबलीकरणका लागि प्रदेश सरकारलाई परामर्श दिन, सार्वजनिक सुरक्षासँग सम्बद्ध जनचासो र गुनासोको अध्ययन गरी प्रतिवेदन पेश गर्न तथा प्रहरी सेवालाई प्रभावकारी बनाउने सम्बन्धमा र श्रोतसाधनको व्यवस्थाका लागि सुझाव दिन प्रदेश सरकारले देहाय बमोजिमको समिति गठन गर्न सक्नेछः-

| | | |
|---|---|---|
| (क) | मुख्य न्यायाधिवक्ता | - अध्यक्ष |
| (ख) | सार्वजनिक प्रशासन, न्याय प्रशासन, सुरक्षा, शिक्षा, उद्योग वाणिज्य, पर्यटन, मानव अधिकार, महिला सशक्तीकरण वा सामाजिक क्षेत्रमा योगदान दिएका लब्धप्रतिष्ठित व्यक्ति मध्येबाट कम्तीमा दुई जना महिला सहित प्रदेश सरकारले नियुक्त गरेका पाँच जना | - सदस्य |
| (ग) | प्रदेश सरकारले तोकेको कम्तीमा नवौं तह वा सो सरहको अधिकृत कर्मचारी | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिका पदाधिकारीहरूले पालना गर्नुपर्ने आचारसंहिता तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठित समितिले आवश्यकता अनुसार विषय विज्ञको सहयोग लिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम गठित समितिको कार्यक्षेत्र र कार्यविधि तोकिए बमोजिम हुनेछ।

८०. **विशेष सुरक्षाको लागि प्रहरी कर्मचारी खटाउने सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानून बमोजिम प्रदेश प्रहरीले सुरक्षा प्रदान गर्ने भनी तोकिएका कुनै विशिष्ट व्यक्ति वा महत्त्वपूर्ण संरचना वा भवन वा संस्थाको सुरक्षाको लागि वा प्रदेश प्रहरीलाई प्राप्त सूचनाका आधारमा अन्य कुनै विशिष्ट व्यक्ति वा संरचनाको सुरक्षा उपरको खतराको मूल्याङ्कन गरी तोकिए बमोजिम त्यस्तो व्यक्ति वा संरचनाको सुरक्षाको लागि प्रहरी पोशाकमा वा सादा पोशाकमा प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारी खटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम खटिएको प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोर जुलुम गरेमा, हातहतियार उठाई वा नउठाई हमला गरेमा वा अन्य क्रियाकलाप गरेमा त्यस्तो प्रहरी कर्मचारीले आफूले सुरक्षा दिनु पर्ने व्यक्ति, संरचना वा संस्थाको सुरक्षा वा बचाउ गर्न वा आफ्नो जीउको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम खटिएको सुरक्षाकर्मीले बल प्रयोग गर्दा बदनियत वा हेलचक्र्याइँकासाथ गरेको हो होइन वा त्यस्तो बल प्रयोग गर्न आवश्यक थियो थिएन भन्ने सम्बन्धमा छानविन गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम छानविन गर्दा त्यस्तो प्रहरी कर्मचारीले बल प्रयोग गर्दा बदनियत वा हेलचक्र्याइँसाथ गरेको वा आवश्यकताभन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई विभागीय वा प्रचलित कानून बमोजिमको कारबाही अगाडि बढाउन सकिनेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कसैको हत्या गर्न सक्ने वा साङ्घातिक आक्रमण गरी जीउ ज्यान लिन सक्ने वा गम्भीर घाइते बनाउन सक्ने वा ठूलो सङ्ख्याका मानिसहरूको जीउ ज्यानमा हानि पुऱ्याउन सक्ने वा सार्वजनिक स्वास्थ्यमा खतरा पार्न सक्ने वा सार्वजनिक वा राष्ट्रिय सम्पत्ति माथि आगजनी, तोडफोड, आक्रमण वा विध्वंश गरी गम्भीर क्षति पुऱ्याउन सक्ने मनासिब आधार भएमा प्रहरीले तत्काल त्यस्तो कार्य हुनबाट रोक्न अन्य कुनै

अवस्था नभएमा वा अन्य कुनै उपाय सफल नभएमा प्रचलित कानून बमोजिम आवश्यकतानुसार बल प्रयोग गर्न सक्नेछ।

८१. **समन्वय एकाईः** (१) प्रदेश प्रहरी प्रधान कार्यालयमा प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी अधिकृतको संयोजकत्वमा एक समन्वय एकाई रहनेछ।

(२) उपदफा (१) बमोजिमको समन्वय एकाईले नेपाल प्रहरी र अन्य प्रदेश प्रहरीबीच सूचना र सहयोग आदान प्रदान गर्ने प्रयोजनको लागि सम्पर्क निकायको रुपमा काम गर्नेछ।

८२. **नेपाल प्रहरी वा अन्य प्रदेशको प्रदेश प्रहरी परिचालनः** प्रदेशमा गम्भीर अशान्ति भएको, अशान्ति हुने सम्भावना रहेको वा विपद्को अवस्था सृजना हुन गएको कारण नेपाल प्रहरी वा अर्को प्रदेशको प्रहरीको सहयोग समेत आवश्यक पर्ने भएमा प्रदेश सरकारले सो प्रयोजनको लागि नेपाल सरकारलाई अनुरोध गरी पठाउन सक्नेछ र नेपाल प्रहरी वा अन्य प्रदेशको प्रहरी परिचालन र खटनपटन सङ्घीय कानून बमोजिम हुनेछ।

८३. **प्रदेश प्रहरीको पोशाक र दर्ज्यानी चिन्हः** (१) प्रदेश प्रहरीको पोशाक र दर्ज्यानी चिन्ह नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(२) प्रदेश प्रहरीको पोशाकमा प्रदेश सरकारले निर्धारण गरे बमोजिम नेपालको राष्ट्रियता र प्रदेशको पहिचान झल्किने कुनै चिन्ह वा लोगो राखिनेछ।

८४. **कानून विपरीत निर्देशन दिन नहुनेः** कसैले पनि कुनै प्रदेश प्रहरी कर्मचारीलाई कानून विपरीत हुने गरी निर्देशन दिनु हुँदैन। कसैले कानून विपरीत निर्देशन दिएमा सम्बन्धित अधिकारीले त्यस्तो निर्देशन पालना गर्न हुँदैन।

८५. **प्रहरी कर्मचारीको बचाउ**ः (१) प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम गर्नुपर्ने अपराध रोकथाम, नियन्त्रण, अनुसन्धान वा कानून कार्यान्वयन वा कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले दिएको वा जारी गरेको आदेश वा पक्राउ पूर्जी तामेल गर्दा असल नियतले गरेको काममा सजायको भागी हुन र हर्जाना तिर्न पर्ने छैन र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनको क्रममा गरेको कुनै सरकारी कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रीत नपुर्‍याई मुद्दा चल्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारी उपर मुद्दा चलाउनको लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त गर्नु पर्नेछ। देवानी मुद्दाको हकमा देहाय बमोजिम प्रकिया अवलम्बन गरेको हुनुपर्नेछः-

(क) मुद्दा चलाउने कारण तथा वादीको वारेस भएमा त्यस्तो वारेसको नाम र ठेगाना खोली लिखित सूचना अख्तियारवालालाई वा सम्बन्धित प्रहरीलाई बुझाएको वा हुलाकद्वारा रजिष्ट्रर गरी पठाएको र त्यसको एक प्रति नक्कल प्रदेश सरकारमा पेश भएको दुई महिना नाघेको, र

(ख) मुद्दा चलाउने कारण भएको तीन महिनाभित्र मुद्दा दायर गरिसकेको।

(३) कुनै प्रदेश प्रहरी कर्मचारी बहाल छँदा आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन प्रदेश सरकारबाट स्वीकृति दिएमा निजको प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

८६. **सेवा परिवर्तनमा बन्देजः** प्रदेश प्रहरी सेवाको कुनै पनि तहका प्रहरी कर्मचारीलाई निजको इच्छा विपरीत प्रहरी सेवाबाट अन्य कुनै सेवामा सेवा परिवर्तन गरिने छैन।

८७. **प्रदेश प्रहरी कार्यालयले अभिलेख राख्नु पर्नेः** (१) प्रदेश प्रहरी कार्यालयले अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धान तथा शान्ति सुरक्षा र अमनचयन सम्बन्धी दैनिक रुपमा सम्पादन गरेका कार्यको अद्यावधि विवरण तोकिए बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) माथिल्लो अधिकारीले उपदफा (१) बमोजिमको अभिलेखको निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु र मागेको अभिलेख उपलब्ध गराउनु प्रदेश प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

८८. **प्रदेश प्रहरी कर्मचारीको अभिलेखः** प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीको अभिलेख तोकिए बमोजिम राखिनेछ।

८९. **सूत्र परिचालन गर्न सक्नेः** शान्ति र व्यवस्था कायम गर्न र अपराध नियन्त्रण वा अनुसन्धान सम्बन्धी सूचना सङ्कलन गर्न प्रदेश प्रहरीले गोप्य रुपमा सूत्र परिचालन गर्न सक्नेछ।

९०. **<u>मापदण्ड पालना गर्नु पर्नेः</u>** नेपाल प्रहरीले देहायका विषयमा बनाएको मापदण्ड प्रदेश प्रहरीले पालना गर्नु पर्नेछः-

(क) हातहतियार, खरखजाना तथा सञ्चार साधन र सोको प्रयोग,

(ख) प्रदेश प्रहरीलाई दिइने तालिम,

(ग) निजी क्षेत्रका सुरक्षा प्रदायक र त्यस्ता प्रदायकबाट उपलब्ध गराइने सुरक्षा सेवा।

९१. **<u>सङ्घीय ऐन बमोजिम हुनेः</u>** प्रदेश प्रहरी कर्मचारीको काम, कर्तव्य, अधिकार, सेवाका शर्त, तालिम, वृत्ति विकास तथा कसुर र सजाय सम्बन्धमा यस ऐनमा उल्लेख भएको जति यसै ऐन बमोजिम र यसमा उल्लेख नभएका विषयमा प्रहरी सम्बन्धी प्रचलित कानून लागु हुनेछ।

९२. **<u>शपथ ग्रहणः</u>** प्रदेश प्रहरी सेवामा पहिलो पटक नियुक्ति हुने प्रत्येक प्रहरीले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-२ को ढाँचामा तोकिए बमोजिम शपथ लिनु पर्नेछ।

९३. **<u>अधिकार सुम्पन सक्नेः</u>** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको प्रदेश प्रहरी कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐनद्वारा कुनै प्रदेश प्रहरी कर्मचारीलाई प्रदान गरिएको अधिकार त्यस्तो प्रदेश प्रहरी कर्मचारीले आफ्नो रेखदेखमा काम गर्ने गरी आफू मुनिको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

९४. **<u>नियम, निर्देशिका र कार्यविधि जारी गर्ने अधिकारः</u>** यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु, निर्देशिका, कार्यविधि, मापदण्ड र आदेश जारी गर्न सक्नेछ।

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**प्रदेश प्रहरीमा रहने कार्यालयहरू**

(क) प्रदेश प्रहरी प्रधान कार्यालय

(ख) प्रदेश प्रहरी प्रशिक्षण प्रतिष्ठान

(ग) प्रदेश सशस्त्र प्रहरी गण

(घ) प्रदेश दंगा नियन्त्रण प्रहरी गण

(ङ) प्रदेश ट्राफिक प्रहरी कार्यालय

(च) प्रदेश विपद् व्यवस्थापन गण

(छ) प्रदेश सुरक्षा गण

(ज) प्रदेश प्रहरी विधिविज्ञान प्रयोगशाला

(झ) प्रदेश प्रहरी अस्पताल

(ञ) प्रदेश प्रहरी विद्यालय

(ट) प्रदेश प्रहरी संगीत विद्यालय

(ठ) प्रदेश प्रहरी केनाइन विद्यालय

(ड) जिल्ला प्रहरी कार्यालय

(ढ) सीमा प्रहरी कार्यालय

(ण) जिल्ला ट्राफिक प्रहरी कार्यालय

(त) गाउँपालिका/नगरपालिका प्रहरी कार्यालय

(थ) सामुदायिक प्रहरी कार्यालय

(द) पर्यटक प्रहरी कार्यालय

(ध) प्रदेश सरकारले उपयुक्त सम्झेका अन्य कार्यालय।

अनुसूची-२
(दफा ९२ सँग सम्बन्धित)
**<u>शपथ</u>**

प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको रक्षा गर्न नेपालको संविधानप्रति पूर्ण निष्ठावान रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकले भ्याएसम्म भय, पक्षपात, लोभ, माया वा द्वैषभाव नराखी आफ्नो कर्तव्य पालना गर्नेछु भनी म ........................................ सत्य, निष्ठा, प्रतिबद्धता सहित प्रतिज्ञा गर्दछु र देश र जनताको नाममा शपथ लिन्छु।

| | |
|---|---|
| शपथ ग्रहण गर्नेको सहीः- | शपथ ग्रहण गराउनेको सहीः- |
| नामः- | नामः- |
| पदः- | पदः- |
| मितिः- | कार्यालयः- |
| स्थानः- | मितिः- |

प्रमाणीकरण मितिः२०७७।०७।२४

आज्ञाले,
केदारनाथ शर्मा
प्रदेश सरकारको सचिव